जिल्ला विकास समिति, कपिलवस्तुले

आ.ब.०७०/०७१ मा संचालित कार्यक्रम तथा योजनामा आधारीत

# सामाजिक परिक्षण प्रतिवेदन

## २०७१ कार्तिक ३० गते




## प्रतिवेदक

---

## कपिलवस्तु मेडिया एजेन्सी (कमन, नेपाल)
## कपिलवस्तु

# जिल्ला विकास समिति कपिलवस्तु सामाजिक परिक्षण प्रतिवेदन

## आ.ब.०७०/०७१ मा संचालित कार्यक्रम तथा योजनामा आधारीत

### पृष्टभुमि (Back Ground ):

सार्वजनिक निकायले संचालन गर्ने विकास योजनाहरुवाट समाजले लिन सक्ने अधिकत्तम लाभको सुनिश्चित गर्न र संस्थाका कृयाकलापलाई पारदर्शि वनाउन लाभान्वित समुदायवाट प्रभावको समिक्षा तथा लेखाजोखा हुनु आवश्यकछ । यहि  मान्यतामा आधारीत रहेर सम्पादन गरिएका विकास निर्माणका कामको सरोकारवालाहरुवाट लेखाजोखा हुने पद्दतीको स्थापनाका लागि जिल्ला विकास समितिले विगत देखि नै सामाजिक परिक्षण गर्दै आएको छ । सामाजिक परिक्षण प्रक्रियालाई संस्थागत गर्दै स्थानिय निकाय तथा जनता वीच विश्वास वढाउने उद्देश्यले समाजिक परिक्षण हुदै आएकोछ ।यहि क्रममा कार्तिक ३०मा मोतिपुरमा आ.व. ०७०।०७१ मा सम्पादन गरिएका निती तथा कार्यक्रमको सामाजिक परिक्षण गरिएको छ ।

**कार्यक्रमको उद्देश्य :**

कार्यक्रमको उदेश्य निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१.जिविसकले गरेका कामको समिक्षा तथा विष्लेषण प्रतिवेदन प्रस्तुत गर्नु ।

२.प्रवाह गरेका सेवा र काम प्रति नागरिक सन्तुष्ठि पहिचान गर्नु ।

३.नागरिकका अुनभूती र सुझाव संकलन गर्नु ।

४.जिविसका तर्फवाट नागरिक अभिमतको संवोधन गर्नु ।

५.विकास निर्माणका योजनावाट समाजले लिनसक्ने अधिकतम लाभको सुनिश्चितता गर्नु ।

६. सरोकारवालाहरुवाट संपादित कामको लेखाजोखा हुने पद्दतीको स्थापना गर्ने ।

७.सामाजिक परिक्षण प्रकृयालाई संस्थागत गर्दै स्थानीय निकाय तथा जनता वीच विश्वास बढाउने ।

## घ) कार्यक्रमका उपलब्धी : (Programme Outcomes )

सामाजिक परिक्षणका उपलब्धीहरु यस प्रकार हुनेछन् :

१. जिल्लाका उत्तरी भेगका नागरिक जिविसका कामप्रति खुलेर समिक्षा गर्न सफल हुनु ।

२. जिल्ला विकास समितीलाई नागरिकका विभिन्न सुझाव तथा प्रतिकृया प्राप्त हुनु ।

३. सो क्षेत्रका नागरिकका अपेक्षाहरु मुखारीत हुनु ।

४. जिविस र आम नागरिक वीचमा सूचनाको अभावमा वढ्दै गएको दुरी समाप्त भई प्रत्यक्ष संवाद हुनु ।

५. जिविस र आम सेवाग्राही वीच सुमधुर सम्वन्ध विकासको शुरुवात हुनु ।

६. आगामी निती र कार्यक्रम निर्माण गर्दा ध्यान पुराउनु पर्ने पक्षको पहिचान हुनु ।

## सामाजिक परिक्षणको कार्यविधी : (Procedures of social Audit )

सामाजिक परिक्षण कपिलवस्तु जिल्लाको मोतिपुर गाविसमा सम्पन्न गरिएकोछ । सामाजिक परिक्षण २०७१ कार्तिक ३० गते आयोजना गर्ने गरि पत्र पत्रिका र रेडियोवाट सूचना गरिएसंगै गाविसको पहलमा पत्राचार भएको थियो । सोहि अनुसार विभिन्न पेशा ब्यावसायमा संलग्नहरु, स्थानिय संघसस्थाका प्रतिनिधिहरु, बिभिन्न राजनैतिक दलका प्रतिनिधी,स्थानिय नागरिक,सरोकारवाला निकायका प्रतिनिधि लगायत गरी ७० भन्दा बढीको उपस्थितीमा सामाजिक परिक्षण सम्पन्न भएको छ । कार्यक्रमको सहजीकरण कमन नेपालले गरेको हो । कमनका तर्फवाट अनुसन्धानात्मक प्रतिवेदन पत्रकार भेषराज पाण्डेले पेश गर्नु भएको थियो । प्रतिवेदनमा आधारीत रहि १२.जना नागरिकका प्रतिकृया संकलन गरिएका थिए । जिविसका तर्फवाट स्थानीय विकास अधिकारीले उठेका सवालको प्रष्टीकरण दिनु भएको थियो ।यसमा निम्नानुसारको कार्य प्रकृया अपनाइएको थियो ।

### क) कार्यक्रमको अध्यक्षता :

कार्यक्रम स्थानीय पूर्व जनप्रतिनिधी विन्द्र वहादुर गुरुङको अध्यक्षतामा भएको थियो ।

ख)  **सञ्चालन:**

कमन नेपालका सदस्य लक्ष्मण बेलवासेले गर्नुभएको थियो ।

ग)  **कार्यक्रमको सहजीकरण :**

उपस्थित आम नागरिक र जिविसका पदाधिकारी विचको सहजीकरण बुद्ध आवाज साप्ताहिकका प्रधान संपादक  भेषराज पाण्डेले गर्नु भएको थियो ।

घ)  **जिविसको तर्फवाट प्रस्तुती :**

सूचना अधिकृत राजन पोखे्रलले गर्नु भएको थियो ।

ङ)  **नागरिकका सुझाव तथा प्रतिकृया :**

कुल १२ जना नागरिकहरुका सम्वन्धित विषयमा सुझाव तथा प्रतिकृया आएका छन्

च)  **जिविसको तर्फवाट पुनस्पष्टोक्ति :**

स्थानिय विकास अधिकारी जगन्नाथ पन्त, जिल्ला कृषि विकास कार्यलयका खुर्सेद अहमद खा, जिल्ला शिक्षा कार्यलयका वावुराम भण्डारी, जिल्ला पशुसेवा कार्यलय प्रमुख राजकिशोर यादव , जिल्ला वन कार्यलयका उपेन्द्र यादव, महिला विकास कार्यलयका संझना भण्डारी लगायतले नागरिकका सुझावहरु कार्यान्वयन हुने प्रतिवद्धता ब्यक्त गर्नु भएको थियो ।

**कार्यक्रममा प्रस्तुत  आचार संहिता :**

सामाजिक परिक्षण कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरुले निम्न वमोजिम आचार संहिता पालना गर्न अनुरोध गरीएको थियो ।

- विषयवस्तुमा मात्र केन्द्रित रहि छलफल गर्ने ।
- सहभागिहरुले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिकृया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने ।
- निजि वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आरोप नलगाउने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।

- सहभागीहरुलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सहजकर्ताले बोल्ने समय दिएपछि मात्र सहभागिहरुले आफ्ना कुराहरु राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एक पटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने र वीचमा अर्काको कुरा नकाटने ।

**जिविसको प्रस्तुती सारसंक्षेप** (DDC Presentation in Brief )

जिल्ला विकास समिति कपिलवस्तुले कात्तिक ३० गते जिल्लाको उत्तरी क्षेत्र अर्न्तगत मोतिपुर गाविसमा सामाजिक परिक्षण कार्यक्रम सम्पन्न गरेको छ । जिल्ला विकास समिति कपिलवस्तुको आयोजना एवं कपिलवस्तु मिडिया एजेन्सीको व्यवस्थापकिय तथा प्राविधिक सहयोगमा एक दिवसिय सामाजिक परिक्षण कार्यक्रम गरिएको हो । कार्यक्रममा जिविस सुचना अधिकृत राजन पोखेलले आर्थिक वर्ष ०७०। ०७१ को आय व्यय तथा प्रगति प्रतिबेदन प्रस्तुत गर्नु भएको थियो ।

जिविसले बार्षिक समिक्षा गोष्ठीमा प्रस्तुत प्रतिवेदनमा जिल्लामा भएका महत्वपुर्ण उपलब्धिहरु मध्ये सडक विस्तार, पुल पुलेसा निर्माण, खानेपानी,स्वास्थ्य, शिक्षा लगायतका प्रगतिहरु अधिकृत पोखेलले प्रस्तुत गर्नु भएको थियो । साथै जिविसले तय गरेको कार्ययोजना सञ्चालनका क्रममा समयमानै बजेट अख्तियारी उपलब्ध नहुनु ,निमार्ण ब्यवसायिलाई समयमा तोकिएको काम नगर्ने परिपाटी बिकास हुदै जानु,उपभोक्ता समितीहरुको कामप्रति भन्दा बजेट रकमप्रती चासो देखाउने प्रबृती बढ्दै गएको निरन्तर रुपमा जिल्लामा सञ्चालित योजनाहरुको अनुगमन गर्न नसकिनु,आबश्यकता अनुसार दक्ष जनशक्ती नहुनु,आन्तरिक आयमा भारी गिराबट आई बिकास निमार्णमा बाधा पुग्नु लगाएतका समस्या उल्लेख गरिएको थियो । त्यस्तै जनप्रतिनिधी बिहीन अबस्थामा प्रसासन तथा राजनैतिक जिम्मेवारी बहन गर्नुपर्ने अबस्था बिद्यमान रहिरहनु ,ढुङगा गिटी तथा बालुबाको अबैध उत्खनन् कार्यको पुर्ण रुपमा नियन्त्रण गर्न नसकिनु ,जिल्ला स्तरमा राजनैतिक दल तथा संघसंस्थाबिच भएका तथा गरिएका सम्झौता स्थानिय स्तरमा कार्यान्वयन गराउन असहज बाताबरण सिर्जन गर्नु,खुल्ला दिशामुक्त जिल्ला घोषणा कार्यक्रमलाई ब्यापक बनाउनु लगाएतका चुनौतिहरु देखा परेको समेत प्रतिबेदनमा उल्लेख गरिएको थियो ।

यसैगरि राजमार्ग तथा सहायक मार्गमा वसी ठेक्का उठाउन नपाउंदा राजस्व अशुली नभएको, वन क्षेत्रमा रहेका खोला नाला वाट ढुंगा उठाउन वन्देज हुनु, खोला नाला र नाकामा

विभिन्न खाले अवरोध हुनाले राजस्व संकलनमा केहि समस्या तथा चुनौति थपिएको परिक्षण कार्यक्रममा जानकारी गराईएको थियो । तथापी जिबिसले कार्ययोजना कार्यान्बयनका सन्दर्भमा देखा परेका यस किसिमका समस्या र चुनौती लाई समाधान गर्न ढुङगा गिटि बालुवको अबैध उत्खनन कार्य रोक्नका लागि बिशेष पहल गरिएको थियो भने स्थानिय स्तरमा जिल्ला प्रसासन जिल्ला प्रहरी ,जिल्ला बन तथा सरोकारवाला कार्यालयहरु संगको कार्य समन्वयलाई महत्वका साथ प्राथमिकता दिनुका साथै आन्तरिक श्रोतमा आएको गिरावटलाई कम गर्नका लागि नया राजस्वका श्रोतको पहिचान गरी करका दायराभित्र ल्याउने पहल समेत गरेको प्रतिबेदनमा उल्लेख गरिएको थियो ।

त्यस्तै जिल्ला विकास समितिले ०७० । ०७१ मा गरेका उत्कृष्ट कार्यहरु समेत प्रस्तुत गरिएको थियो । जसअन्तरर्गत जिल्लाका गौरी, हथौसा र गजेहडा गाविस पूर्ण खोप गाविस घोषित,६ गाविसलाई पूर्ण साक्षर घोषित, ६ गाविस खुला दिशामुक्त गाविसको रुपमा घोषणा गरिएको, २ गाविसमा शतप्रतिशत सुत्केरी सेवा स्वास्थ्य संस्थामा गराउने अभियान पुरा भएको , जिल्ला भित्र करिब १३ स्थानमा ओभरहेड टडिक निमार्ण गरी स्वच्छ खानेपानीको पहुचमा बृद्धि गरिएको, बर्थिङ सेन्टर स्थापना र वालविकास केन्द्र संचालनमा लागानी बृद्धि गरिएको, ७०:३० लागत सहभागितामा १० किमी कालोपत्रे सडक विस्तार गरिएको, यस वर्ष आर्थिकवर्षलाई पनि पेश्की शुन्य वर्षका रुपमा अगाडि लैजाने अभियान स्वरुप पेश्की दिने प्रचलनलाई निरन्तर रोक लगाइएको,न्युनतम शर्त तथा कार्यसम्पादन मापनमा गत वर्ष भन्दा उच्च अंक प्राप्त गरि थप २५ प्रतिशत अनुदान प्राप्त गर्न सफल भएको र समग्रमा १३ औं स्थान हासिल गरिएको कार्य प्रगति प्रस्तुत गरिएको थियो । यसैगरि मासु उत्पादन बृद्धि गर्न कोपवा गाबिसमा पुश सम्बन्धि बिशेष कार्यक्रम सञ्चालन गर्न रु ५ लाख सम्पुरक कोषको रुपमा उपलब्ध गराई पशुपालन कार्यमा बिशेष जोड दिईएको,बेल र गुडुरुङ नदिमा ६९ र ४० मिटर लामो पक्क्ली पुल निर्माण गरिएको, सामाजिक सुरक्षा प्राप्त गर्ने सम्पुर्ण जिल्लाबासीको नामाबली जिबिसको वेबसाईट www.ddckapilvastu.gov.np मा राख्ने गरिएको र गाबिसमा सरसफाई सम्बन्धि कार्य द्रुत रुपमा अघि वढाइएको प्रतिबेदनमा उल्लेख गरिएको छ ।

यसैगरि सामाजिक सुरक्षा कार्यक्रम, जिबिस अनुदान, स्थानिय यातायात पुर्बाधार क्षेत्रगत कार्यक्रम, ग्रामिण पहुच सुधार तथा बिकेन्द्रिकरण परियोजना, सडक बोर्ड नेपाल कार्यक्रम,

जनसहभागितामा आधारित बिकास कार्यक्रम, तराई मधेश बिशेष कार्यक्रम, साना सिंचाई कार्यक्रम, उपेक्षित उत्पिडित,तथा दलित बर्ग लक्षित पुर्बाधार कार्यक्रम, महिला बर्ग लक्षित पुर्बाधार कार्यक्रम, आदिबासी जनजाती लक्षित कार्यक्रम, आदीबासी जनजाति लक्षित पुर्बाधार कार्यक्रम, पिछडिएको समुदाय उत्थान लक्षित कार्यक्रम, पिछडिएको समुदाय उत्थान लक्षित पुर्बाधार कार्यक्रम,अपाङग लक्षित पुर्बाधार कार्यक्रम, बालबालिका लक्षित पुर्बाधिकार कार्यक्रम, बिपन्न दलित बालबालिकाको पोषण कार्यक्रम, बालमैत्रि स्थानिय सासन कार्यक्रम, स्थानिय युवा साझेदारी कार्यक्रम, सामाजिक परिचालन कार्यक्रम लगाएतका शिर्षकमा भएको कार्य बिबरण प्रस्तुत गरिएको थियो ।

**सहभागिहरु समक्ष राखिएका अन्य प्रश्नहरु :**

- स्थानीय निकायले गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले के कस्तो प्रभाव पारेको छ ? स्थानीय निकायले गरेका विकास योजनाहरु सहभागितात्मक छन कि छैनन् ।
- स्थानीय निकायले समयमा सेवा सुविधा दिन सकेको छ, छैन ? सेवा दिन नसकेको अवस्थामा जनताले कस्तो समस्या भोग्नु परेको छ ?
- स्थानीय निकायको तर्फवाट पेश गरेको विवरण कत्तिको यथार्थपरक छ ? छैन छैन भने के विषयमा फरक छ ?
- गरिव जनता तथा पिछडिएकोवर्गलाई मूलधारमा ल्याउन गरेको प्रयास कत्तिको प्रभावकारी छ ?
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर कस्तो छ ?
- स्थानीय निकायको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन के सुझाव दिनुहुन्छ ?

## नागरिकका सुझाव तथा प्रतिकृयाहरु (Citizen Suggestion & Response )

कार्यक्रममा उपस्थित सहभागीहरुले जिविसले आयोजना गरेको सामाजिक परिक्षणले शुसासनको वकालत गरेको वताउदै प्रसंसा गरेका थिए भने जिविसलाई कतिपय सवालमा स्पष्ट रुपमा आलोचना पनि गरेका थिए । विकासे योजनाहरु जिल्लाका सवै क्षेत्रमा समानरुपले लागु गर्नु पर्ने वताएका थिए। संचालित योजनाहरुको पारदर्शिताको लागि जिल्ला विकास समितिले स्थानिय

निकायलाई समेत राखी अनुगमन संयन्त्र वनाई नियमित रुपमा अनुगमन तथा निरिक्षण गरि राम्रो गर्नेलाई पुरस्कृत र अपारदर्शिलाई कारवाहि गर्नु पर्ने वताएका थिए । कार्यक्रममा बोल्दै कोपवाका समाजसेवि  राम प्रसाद वेल्वासेले कृषि विकास कार्यलयले सुख्खा र प्राकृति प्रकोपमा किसान पर्दा वेवास्ता गरेको, स्वास्थ्य क्षेत्रको दुरदशा हरेक ठाउमा रहेको स्वयम यो कार्यक्रममा पनि स्वास्थ्य कार्यलयका प्रमुख उपस्थित नरहेको, जिविसले नदी जन्य पदार्थ चोरी निकासी भएको सूचना पाउदा पनि रोक्ने पहल नगरेको वताउनु भयो ।

एमाले वाणगंगाका अध्यक्ष विष्णु पौडेलले काम गर्न चाहानेले वजेट नपाउने जिविसले काम गर्न नसक्नेलाई वजेट दिन पर्खेर वस्दा ठुलो रकम फ्रिज हुने, गाविस सचिवका काम चुस्त दुरुस्त हुन नसकेको, गैससका काम अपारदशी हुदै गएको त्यसप्रति जिविस मौन वसेको वताउनु भयो ।

मोतिपुरका समाजसेवि इन्द्र मणि घिमिरेले मोतिपुर, वाणगंगा कोपवा र गजेहडाले नियमानुसारको रोयल्टीको हिस्सा नपाएको वताउनु भयो । बनगाई डोहटे सडक किन अलपत्र भयो जवाफ चाहियो भन्दै रातारात नदी जन्य पदार्थ तस्करी भएका छन् जिविस किन मौन छ प्रश्न गर्नु भयो ।

कोपवाका समाजसेवि बाबुराम अर्यालले वोल्दै जहदी बुङची सडक निर्माण पुरा हुनु पर्ने, पशु सेवा कार्यलयमा जुकाको औषधी पनि पाइदैन भने के काम त्यसले गर्नेहो स्पष्ट पार्न आग्रह गर्नु भयो ।घासको बीउ दिन नसक्ने पशु सेवा कार्यलय खोलेर बस्नुको औचित्य नरहेको चर्चा गर्नु भयो ।

मोतिपुरका समाजसेवि शिवचन्द्र आचार्यले वोल्दै वनगाई डोहटे सडक पुरा हुनु पर्ने वताउनु भयो ।वनगाइमा निर्माण शुरु हुन लागेको कजबे प्राकतिक श्रोत साधन नपाएर काम हुन नसकेको चर्चा गर्दै ब्यवास्थापनमा सघाउन जिविसलाई अनुरोध गर्नु भयो ।

राष्टिय जनमोर्चाका मोतिपुर प्रतिनिधी जीवनाथ कडेलले प्रतिवेदन वितरण गरेर छलफल भएको भए राम्रो हुने सुझाव दिनु भयो ।मोतिपुरकी युवा कार्यकर्ता रष्मी पन्थीले बैदेशिक रोजगारीमा गएका महिला असुरक्षित भएकाले स्थानीय तहमै रोजगारी श्रृजना गर्न जिविसले निती  वनाई कार्यान्वयन गर्नु पर्ने वताउनु भयो ।

गजेहडाका कपिल न्यौपानेले जिविसले मनोमानी ढंगले काम नगरेर गाविस र इलाकावाट आएका महृत्वपूर्ण योजनालाई पुरा गर्न अग्रसर हुनु पर्ने सुझाव दिनु भयो ।युवा समाजसेवि मनोज शर्माले रोजगारी र आय आर्जन वृद्धि हुने तर्फ जिविसका योजना लक्षित हुनु पर्ने तर्क राखनु भयो ।

## समाजिक परिक्षणमा सहभागि सरोकारवालाको नामाबली

जगन्नाथ पन्त स्थानिय बिकास अधिकारी, जिल्ला कृषि विकास कार्यलयमा प्रमुख खुर्सेद अहमद खा,पशुसेवा कार्यालय प्रमुख राज किशोर यादव, जिल्ला शिक्षा कार्यालयका अधिकृत, जिविसका सूचना अधिकृत राजन पोखरेल, महिला विकास कार्यलयका संभ्कना भण्डारी, इलाका प्रहरीका इन्चार्ज मुरली मोहन अधिकारी, जिविस प्रशासन फाट प्रमुख रेशम शर्मा, लगायतको उपस्थितीले सरोकारवाला पक्षको रुपमा थियो भने नागरिक समुदायको उपस्थिती माइन्यूटवाटै स्पष्ट भएकाले यहा प्रस्तुत गरिएको छैन ।

## जिविसको पुन : स्पष्टोक्ति (Rejustification of DDC)

उपस्थित सहभागीहरुले राखेका जिज्ञासा प्रति जवाफदेहि निकाय जिविसका स्थानिय विकास अधिकारी जगन्नाथ पन्तले जवाफ दिदै सार्वजनिक निकायले संचालन गर्ने विकास योजनाहरुवाट समाजले लिन सक्ने अधिकत्तम लाभको सुनिश्चितको लागि विगत देखि नै जिविसले जिल्लाका विभिन्न स्थानमा सामाजिक परिक्षण गर्दै आएको वताउनु भयो । सामाजिक परिक्षणमा स्थानिय विकास अधिकारी पन्तेले विकास निमार्णका हरेक गतिविधिमा स्थानियवासीहरुले सक्रियताका साथ चासो राख्नु पर्ने वताउंदै जिविसले हरेक अवसरवाट पछाडि पारिएको वर्गलाई माथि उठाउने लक्ष्य लिएको स्पष्ट पार्नु भयो । जिल्लामा सम्पन्न भैसकेका र सम्पन्न हुदै गरेका विभिन्न विकासे योजनाहरुको जिविसले निरन्तर अनुगमन तथा मुल्यांकन गर्ने परिपाटी रहेको अधिकारीको भनाई थियो ।

वाणगंगा गजेहडा मोतिपुर लगायतका गाविसका राजनैतिक प्रतिनिधीले नदी पदर्थाको निकासीमा गाविसले पाउने हिस्सा नपाएको गुनासो गरेको प्रति संकेत गर्दै त्यसवारेमा के भएको हो अध्ययन गरेर न्योचित निकास निकाल्ने वताउनु भयो । यस बर्ष जिबिसले पुर्बाधारमा बढि लगानी गर्ने योजना बनाएको पन्तले बताउनुभयो । कपिलवस्तुको उत्तरी भेगको विकासलाई हेर्दा नेपालका १० जिल्ला भित्र पर्ने गरि विकास र सामाजिक जागरण पैदा भएको वताउदै पन्तले समग्र कपिलवस्तु हेर्दा सामाजिक क्षेत्रमा पछाडी परेकाले दातृराष्टले समेत सामाजिक पोषणका लागि सहयोग गरेको उहाले बताउनुभयो । जिल्लामा यसबर्ष पनि बाल बिकास केन्द्र निमार्ण र बर्थिङ सेनटर स्थापनामा जिविसले लगानी वढाएको उहाको भनाई छ ।

कार्यक्रममा बोल्दै उहाले कपिलवस्तु जिल्ला पर्यटकिय दृष्टिले निकै सम्भावना बोकेको जिल्लाा भएकाले यसको उचित ब्यवस्थापन हुन सके स्थानियबासीले घरमै बसी आम्दानी गर्न सकिने सम्भाबना पन्तले दर्शाउनुभयो । बुद्ध संग सम्बन्धित ऐतिहासीक एबम् पुरातात्विक स्थलहरुको बिकासका लाीग जिबिसबाट हरेक वर्ष १/२ करोड रुपैया छुट्याउदै काम थालिएको वताउनु भयो । साथै तिलौराकोटको बिकासका लागि लुम्बिनी बिकास कोषले क्रमश लगानी वढाउदै लगेकाले सबैको लागि खुसीको कुरा हुने उहाले बताउनुभयो । बिगतका दिनमा जिबसिले जगदिशुपर तालको बिकासका लाीग संरक्षण समिती गठन गरि त्यसमार्फत क्रमश खर्च गर्दै प्राकृतिक संपदा र पर्यटन विकासमा योगदान गरेको  स्मरण गराउदै र अझ बिकासका लागि अन्य सहयोग जुटाउने काम भईरहेको र त्यसमा  महिला सहभागिता समेत गराईने प्रतिबद्धता जनाउनुभयो ।

**कार्यक्रममा भएका निर्णयहरु निम्न वमोजिम रहेका छन ।**

१. सवै निर्वाचन क्षेत्रमा सकेसम्म समानुपातिक बजेट विनियोजनको व्यवस्था मिलाउन पहल गर्ने ।

२. गाउ परिषदवाट सिफारिस भई आएका योजनाहरु मात्र ईलाका गोष्ठीमा छलफलको लागि पठाउने र ईलाका गोष्ठीवाट प्राथमिकता तोकी जिविस, केन्द्रमा माग वा सिफारिस गरी पठाउने ।

३. लक्षितवर्गको लागि छुटयाएको रकम विशुद्ध रुपमा लक्षितवर्गहरु नै लाभान्वित हुने ढंगवाट संचालन गर्न लगाउने ।

४. ठेकेदार वा उपभोक्ता समितिले संचालन गरेको योजनाको अन्तीम भुक्तानी अनुगमन प्रतिवेदन र सम्वन्धित उपभोक्ताहरुवाट सामाजिक लेखाजोखा गरेको निर्णय एवं प्रतिवेदनको आधारमा भुक्तानी दिने व्यवस्था मिलाउने ।

५. उपस्वास्थ्य चौकि भवन निमार्णका लागि गाउं परिषद र इलाका गोष्ठि वाट  माग भई आएमा सम्वोधन गर्ने ।

६. नदी जन्य पदार्थको निकासीमा रहेको रोयल्टी सम्वन्धि समस्या अध्ययन गरि समाधान गर्ने ।

**कार्यक्रमका उपलब्धी : (Achieve Outcomes )**

सामाजिक परिक्षणका उपलब्धीहरु यस प्रकार उल्लेख गर्न सकिन्छ :

१. जिल्लाका उत्तरी भेगका नागरिक जिविसका कामप्रति खुलेर समिक्षा गर्न सफल हुनु ।

२. जिल्ला विकास समितीलाई १२ जना नागरिकका सुझाव तथा प्रतिकृया प्राप्त हुनु ।

३. सो क्षेत्रका नागरिकका अपेक्षाहरु मुखारीत हुनु ।

४. जिविस र आम नागरिक वीचमा सूचनाको अभावमा वढ्दै गएको दुरी समाप्त भई प्रत्यक्ष संवाद हुनु ।

५. जिविस र आम सेवाग्राही वीच सुमधुर सम्वन्ध विकासको शुरुवात हुनु ।

६. आगामी  निती तथा कार्यक्रम निर्माण गर्दा ध्यान पुराउनु पर्ने पक्षको पहिचान हुनु ।

**सुधार गर्नु पर्ने पक्ष :(Improvement Action)**

१ . प्रतिवेदन  सहभागीलाई वितरण गरेको भए रामो हुने ।

२ . सहभागिता  अझै वढाउन सकेको भए उचित हुने ।

३ . सवाल र जवाफमा लामो समय लागेकोले केहि ढिला हुन गएकोले समयमै शुरु गर्न सकेको भए अझ राम्रो हुने ।

४. जिल्ला भरिको चासो बिषय भएकाले सबै गाबिसका प्रतिनिधी ब्यक्तिलाई समहभागि गराउन सकेको भए राम्रो हुने ।

**तस्विर आफै वोल्छ**

तस्वीर १ : सामाजिक परिक्षणमा उपस्थित सरोकारवालाहरु :



## निष्कर्ष (Conclusion)

कपिलवस्तुको उत्तरी भेगमा जहा जिल्ला विकास समितीले गर्ने हरेक कामको जानकारी हुने र सथानीय पनि निकै सचेत रहेकाले छलफल घनिभूत हुन गयो । उनीहरुले जिविसलाई कतिपय महत्वपूर्ण सुझाव दिए । सामाजिक परिक्षण गरिदा त्यहाका मुख्य समस्या मुखारीत भएका छन् । सुझाव र प्रतिकृयाको ओइरो नै लागेको छ । केहि आक्रोस समेत पोखिएको छ । नागरिकमा ै भएपनि सन्तुष्टि थपिएको छ । यो सकारात्मक पाटो हो । विभिन्न गाविसका नागरिकको सहभागितामा भएको कार्यक्रमले एकैसाथ सन्देशको प्रवाह गरेकोछ । कार्यक्रमका स्थानिय विकास अधिकारी जगन्नाथ पन्त,जिल्ला कृषि विकास कार्यलयका प्रमुख खुर्सेद अहमद खा, पशुसेवा कार्यालय प्रमुख राज किशोर यादव, जिल्ला शिक्षा कार्यलयका अधिकृत, जिविसका सूचना अधिकृत राजन पोखरेल, महिला विकास कार्यलयका संझना भण्डारी, इलाका प्रहरीका इन्चार्ज मुरली मोहन अधिकारी, जिविस प्रशासन फाट प्रमुख रेशम शर्मा, लगायतको उपस्थितीले नागरिकका ब्यक्त अपेक्षालाई विषयगत रुपमै ग्रहण गर्ने कार्य भएकोछ ।

प्रतिबेदक :

नामथर : लक्ष्मण बेलवासे

पद : प्रबन्ध निर्देशक

सस्था : कपिलवसतु मिडिया एजेन्सी

(कमन नेपाल )